जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १६२ २०७६ साल माघ ११ गते शनिबार (25 Jan. 2020 Saturday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको वाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणवाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्वन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : गजेन्द्र बाबु र विभेदीकरणको ... ३ पृष्ठमा : अधिकांश मन्त्रालय .र ३ पृष्ठमा : कोरोना भाइरसको सङ्क्रमण ...

# छोरीलाई नियमित विद्यालय ल्याउन सेनेटरी प्याड र झोला बितरण



**दैनिक समाचारदाता**
**राजविराज, १० माघ ।**

प्रदेश २ को सामाजिक विकास मन्त्रालयले शिक्षा विकास निर्देशनालयमार्फत विद्यालयहरुमा सेनेटरी प्याड तथा शैक्षिक सामाग्रि राख्ने झोला बितरण कार्यक्रम संचालन गरेको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुरस्थित श्री माध्यमिक विद्यालय र तिलाठी कोइलाडी गाउँपालिका १ बभनगामाकट्टीस्थित श्री लक्ष्मीबल्लभ नरसिंह माविका कक्षा ८ देखी १० सम्मका ५ सय तथा कक्षा ७ का १ सय ५० बालिकालाई शुक्रबार सेनेटरी प्याड र झोला बितरण गरिएको छ ।

मुख्य मन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान अन्तरगत थालिएको उक्त कार्यक्रम अगामी आर्थिक वर्षदेखी प्रदेशका ८ वटै जिल्लाहरुमा लागु हुने सामाजिक विकास मन्त्रालय मातहात रहेको शिक्षा विकास निर्देशनालयका निर्देशक चुडामणी फुयालले बताए ।

सेनेटरी प्याड तथा झोला बितरण कार्यक्रमको शुभारम्भ गर्दै प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले छात्राहरुलाई सहज रुपमा नियमित

*बाँकी तीन पृष्ठमा*

# दुई फरार प्रतिवादी पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, १० माघ ।**

विभिन्न अपराधमा संलग्न भई अदालतबाट सजाय तोकि फरार रहेका तथा अनुसन्धानका क्रममा फरार भएकाहरुलाई सप्तरी प्रहरीले शुक्रबार फरार दुई प्रतिवादीलाई पक्राउ गर्न सफल भएको छ ।

फरार प्रतिवादी पक्राउ गर्न आक्रमक अभियान चलाएको

*बाँकी अन्तिम पृष्ठमा*

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**

**फोन नं. : 031-522408/09**

# महसुल नबुझाउँदा भेडियाका पाँच सय घरधुरीको बिजुलीको लाइन काटियो



**दैनिक समाचारदाता**
**राजविराज, १० माघ ।**


सप्तरीको सुरूङ्ग नगरपालिका २ स्थित भेडिया बस्तीका बिजुली महसुल नबुझाउदाँ त्यहाँका पाँच सय घरधुरीको बिजुलीको लाईन काटिएको छ ।

स्थानिय ग्रामिण बिद्युतिकरण ब्यबस्थापन समितिका अध्यक्षले ११ लाख बरावरको रकम नबुझाउदाँ नेपाल बिद्युत प्राधिकरण बरसाइनले सो बस्तीको लाईन काटेको हो ।

ती बस्तीका स्थानीयहरुले शुक्रबार सप्तरीका प्रमुख जिल्ला अधिकारी सुनिल खनाललाई भेटेर महसुल उपर गराई काटिएको लाईन सुचारू गर्न आग्रह गरेको छ ।

ग्रामिण बिनीस्द्युतिकरण समितिका अध्यक्ष सुमन बहादुर भुजेलले सो बस्तीका ५ सय घरधुरीवाट बिजुली महसुल तिर्न रकम उठाएपनि बिजुली महसुल नतिरेकोले सो बस्तीमा तीनदेखी बिजुली बत्ति काटिएको वडा नं. २ का अध्यक्ष बिष्णु बहादुर थापाले बताएका छन् ।

तीन दिन देखि भेडिया बस्तीमा बत्ति नहुदाँ त्यहाँका स्थानियहरू अंध्यारोमा बस्न बाध्य रहेकोले समितिको अध्यक्ष सुमन भुजेल सँग रकम उपर गरी बिजुली सुचारू गर्न प्रमुख जिल्ला अधिकारीलाई निवेदन बुझाएको वडा अध्यक्ष थापाले जानकारी दिए ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer | प्रभुको इच्छा | CITY EXPRESS | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट | HBL Himalayan Bank Ltd. | CG Money | MoneyGram money transfer

## सम्पादकीय

# स्व. सिंहलाई सम्झिएन

स्व. गजेन्द्र नारायण सिंहको १८ औं पुण्य तिथिको अवसरमा सप्तरीमा कुनै औपचारिक कार्यक्रम गरिएन् । विगतमा विभिन्न कार्यक्रम गरि उनलाई स्मरण गर्ने गरिन्थियो । मधेशीको हकअधिकारका लागि आवाज उठाउने पहिलो मधेशी नेताको रुपमा रहेका स्व. सिंहलाई कुनै पनि मधेश केन्द्रित दलले सम्झेनन् । मुलुकमा २०४७ सालमा आएको प्रजातन्त्रपछि निर्माण भएको नेपाल सद्भावना पार्टीको संस्थापक अध्यक्ष रहेका सिंहको पुण्य तिथि हरेक वर्ष माघ १० गतेका दिन मनाइने गरिन्छ ।

मलेठ घटना पश्चात् ६ मधेश केन्द्रित एकभई राजपा नेपालले गठन भएको छ । सो दलले समेत उनलाई आजको दिन सम्झेन । यसरी हेर्दा सबै गजेन्द्र बाबुकै मार्गदर्शन अपनाएर अहिले राजपा सोही दिशातर्फ डोऱ्याउन प्रयासरत रहेको छ । राजपा उनको मुद्दालाई आ-आफ्नो शैलीमा प्रस्तुत गर्दै अगाडी बढिरहेको छ ।

मात्र स्व. सिंहको नाम अगाडी साररे गजेन्द्र बाबुको सपना साकार हुँदैन् । उनलाई सच्चा मनले कम्तिमा वर्षमा एक पटक सम्झनु पर्दछ । अनिमात्र स्व. सिंहप्रति सच्चा श्रद्धाञ्जली हुनेछ ।

# गजेन्द्र बाबु र विभेदीकरणको लडाई



**अमरनाथ मण्डल**

मधेश आन्दोलन, मधेशको अधिकार प्राप्तिको लडाईमा आफ्नो जिवन समर्पित गरेका महान जननायक मधेश र मधेश आन्दोलनका प्रेरणा दिशा निर्देश वीर गजेन्द्र बाबु हाम्रो सामु नरहेतापनि उहाँले देखाएका बाटोहरु गरेका आन्दोलन र विभेदीकरणको अन्त्यको लागि लडेका लडाईहरुको इतिहास हाम्रो सामु विदितै छ । सदा जिवन उच्च विचार तथा नेनसन मण्डला, महात्मा गान्धी, सुक्रात जस्तो महापुरुषको बिचमा उभेका महान पुरुष मधेश नायक गजेन्द्र बाबुले मधेश र मधेशीको अधिकार प्राप्तिको लडाईमा खेलिएका भुमिकाहरु र हजारौं मधेशवाद सपुतहरुलाई मधेशवाद सिखको लागि दिशानिर्देश गरेका उपलब्धी स्वरुप नेपालको मधेशमा उत्पीडनका सिकार मधेशी आदीबासी जनजाति र मुस्लिमको लागि समानताको हक राज्यमा साझेदारी संविधान संशोधन, नागरिकता समस्या समाधान, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र संघीयताको सवाल लगायतका मुद्दाहरुलाई आन्दोलनको रुपमा राज्यको शासकवर्गहरुसँग लड्दै आएका थिए । सप्तरी जिल्लाको कोलाइडीमा जन्मनु भएका महान नेता गजेन्द्र नारायण सिंह सानै उमेर देखि त्याग तपस्याको प्रतिमुर्तिको रुपमा स्थापित बन्दै पिछडिएका समुदाय जातजाति भाषाभाषीको लागि उहाँले शासक वर्गहरुबाट सार्वजनिक यातना देखि लिएर मानसिक यातनाको पिडा भोगेका अवस्थामा पनि अधिकार प्राप्ति आन्दोलनलाई संखनाद गरे ।

महान नायक गजेन्द्र बाबुले देखाएका तथा गरिएका आन्दोलनहरुको उपजको स्वरुपमा आज मधेश र मधेशीले धेरै उपलब्धीहरु पाएका छन् । वहाँको प्रेरणाबाट मधेशको लडाईमा अहिले मधेश वादका पार्टीहरु राजपा र समाजवादी तथा सिके राउत जस्ता पार्टी तथा नेताहरुको नेतृत्व गर्ने तथा आन्दोलनहरु गर्ने अधिकार प्राप्तिको लडाई गर्ने लगायत दुई ओटा मधेश आन्दोलनको सिर्जना हुने जस्ता सवालहरु उहाँले मार्ग दिशाबाट निर्देशित भएका छन् । आज महान नेता गजेन्द्र बाबु हाम्रो सामु नरहे तापनि उहाँले थालिएका आन्दोलनको बिजहरुको कारणले गर्दा मधेशीहरु आफ्नो अधिकारको माग सुनिश्चित गर्न र राज्यमा मधेश र मधेशी पिडित उत्पीडन भोगिरहेका कुरा देश विदेशले पनि जान्न सफल भएको छ । उहाँको प्रेरणाबाट भर्खरै ६ महिनासम्म चलेका महान मधेश आन्दोलनले उपलब्धीमुलक आन्दोलनको रुपमा सार्थक पाएका जसको परिणाम प्रदेश दुईकोमा मधेशी बाहुल्यता रहेको पार्टी रहेको सरकार बन्न सफल भए । स्थानीय निकायमा राजपा र समाजवादीको बर्चश्व मधेशमा पाए । संघीय सरकारमा राजपा र समाजवादीले राष्ट्रिय पार्टी बन्न सफल भए तर उहाँले देखाएको दिशा निर्देशहरुको पालना अहिले मधेशी दलहरु मधेशी नेताहरु गरिरहेको छ भने विश्वास गर्न सकिरहेको छैन । मधेशको महान आन्दोलनमा सैयौ विर मधेशी सपुतहरुको बलिदानी हजारौंको संख्यामा मधेशी सपुतहरुको घाइते हुनु तथा सैयौं संख्यामा राज्यबाट उत्पीडन भोगी मुद्दा खेपी रहेको अवस्था देखिन्छ । तर मधेश आन्दोलनहरुले दिएका जनादेशहरुको सम्मान शासक वर्गहरुले अहिलेसम्म दिएको छैन । मधेश आन्दोलन तथा मधेशीको मर्म भावना विपरित राजपा र समाजवादीले नेकपा जस्तो पार्टीहरुसँग तालमेल गर्नु, सरकारमा जानु र उहाँहरुसँग हात मिलाउनु मधेशी वीर सहिदहरुको अपमान गर्नु जस्तो मधेशी जनताहरु महसुस गर्न थालिएका छन् । मधेश नायक गजेन्द्र बाबुले सद्भावना परिषदको स्थापना सँगै नेपाल सद्भावना पार्टीको निर्माण गरी एक मात्र मधेशी पार्टीको रुपमा स्थापित गरेको अवस्थामा मधेशी भाषा, मैथिली र हिन्दीलाई राज्यमा सम्मानको भाषाको रुपमा प्रयोग गर्नु लोकसेवा लगायत राज्यका हरेक निकायमा मधेशीहरुको साझेदारी समानताका रुपमा हुनुपर्ने संविधान सभाबाट संघीयताको निर्माण हुनुपर्ने जस्ता आवाजहरु उठाएको अवस्थामा आज उहाँले उठाएका आवाजहरु उहाँले गरेका संघर्षहरु कतिपय सफलताको दिशातिर उन्मुख भएका छन् भने उहाँले देखेका सपनाहरु अहिले पनि अधुरो रहेका छन् । उहाँले सिर्जित गरेका निर्माण गरेका नेताहरु मधेशवादको अवधारणाको लडाईमा सबल रुपमा देखिता पनि सधैं साताको लोभ र लालचमा परि मधेशी पार्टीहरुलाई फुटाउने जुटाउने काम नेताहरुबाट हुँदै गए । उहाँको मार्गमा चल्ने अहिले पनि कतिपय नेता मधेशवादको अवधारणालाई विर्सि नेकपा तथा काँग्रेस जस्ता पार्टीहरुसँग हातोमालो गरी मधेशवादको आवाजहरुलाई बुलन्द गर्नुको साटो उहाँहरुको आवाजको आवाज मिलाउन थाले । महान मधेश आन्दोलनले दिएका दिएका जनादेश संविधान संशोधन, नागरिकता समान्ता, समान्ताको हक, राज्यमा साझेदारीका मुद्दाहरुलाई थाँती राखी भोलीका कटर विरोधी पार्टी, नेकपा एमाले र माओवादी, माओवादीको गठबन्धन भई निर्माण भएका नेकपा पार्टीसँग नजिकदै जानु मधेशको लागि दुर्भाग्यपूर्ण अवस्था सिर्जना हुनु बेर लाग्ने छैन । हामी आन्दोलनको लडाई लडिरहेका छौ, हामी समानताको लडाई लडिरहेका छौ, हामी वर्षौ देखि उत्पीडनमा परी दास बनी, शासक वर्गहरुको शोषणको सिकार विरुद्ध लडाई थालिएका छौ । हाम्रो लडाईमा अधिकार प्राप्तिको लडाई हुने अवस्थामा हामी सम्झौता तिर जानु लडाईहरुलाई कमजोर पार्ने षड्यन्त्र भईरहेका छौ । मधेशी दल, मधेशका नेताहरुलाई शासक वर्गहरुले षड्यन्त्रको घेरामा पार्न सफल भईरहेको छ ।

अधिकार प्राप्तिको लडाईहरु, आन्दोलनहरु, मधेशी दल, मधेशी नेताको नेतृत्वमा ३-३ वटा मधेश आन्दोलन भएको छ । सबै आन्दोलनहरुको सम्बोधनको लागि राज्य पक्षले वार्ता गरी वार्ताहरुलाई बेवास्ता गरी एउटा पनि वार्ताबाट भएका सहमतिहरुलाई पालना गरेको छैन । जसले हामी माथि सैयौ वर्ष देखि दमन शोषण गरिरहेको छ । ऊ हामीलाई सजिलैसँग अधिकारको प्राप्तिको वातावरण बनाउन अवस्थाको सिर्जना गर्न दिने छैन । यो कुरा मधेशी दल र मधेशका नेताहरुलाई बुझ्नुपर्ने अवस्था देखिन्छ । मधेशका जनताहरुले आफ्ना प्रेरणाका श्रोत, मधेश नायक, गजेन्द्रनारायण सिंहलाई मान्दै गईरहेको अवस्थालाई वहाँको अवधारणाहरुबाट संचालित आन्दोलनहरुबाट आफ्नो ज्यानको प्रवाह गरी सहिद तथा वीर सपुतहरुले वलिदानी दिँदै आएका छौ । त्यस्ता बलिदानीहरुको सम्मान गर्नु मधेश नायक गजेन्द्र बाबुले देखाएका अवधारणाहरुलाई आत्मसात गर्नु मधेश आन्दोलनहरुले दिएका जनादेशहरुलाई सम्मान गर्नु र मधेश र मधेशीको अधिकार प्राप्तिको लागि मधेश नायक, गजेन्द्र बाबुले देखाएका बाटो, आत्मसात गर्नु निस्वार्थ निडर भई आन्दोलनहरुको जनादेशलाई संस्थागत गर्नु गजेन्द्र बाबुले गरेका आन्दोलनहरुबाट भएका उपलब्धीहरुलाई संस्थागत गर्नु जस्ता सवालहरु अहिले मधेशका चिन्तन गर्ने मधेशी दल मधेशी नेताहरुको कतृव्य र दायित्व रहेको अवस्थामा केही क्षणिक स्वार्थको लागि मधेश र मधेशीको आन्दोलनलाई बिचल्नमा पार्नु मधेश दलको ठूलो भूल हुने छ । तसर्थ वीर गजेन्द्रले देखाएका बाटोहरु गरेका संघर्षहरो आत्मसात गरी अगाडी बढ्नुपर्ने मधेशी र मधेशीका महापुरुष वीर गजेन्द्र प्रति सच्चा श्रद्धाञ्जली हुने छ ।

# मेयर कपको फाईनलमा फत्तेपुर र झुम्का भिड्ने

**दैनिक समाचारदाता**
**राजविराज, १० माघ ।**

सप्तरी जिल्लाको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित मेयरकप २०७६ फुटबल प्रतियोगिताको फाईनलमा सप्तरीको त्रियुगा स्पोर्ट क्लब फत्तेपुर र सुनसरीको रामधुनी स्पोर्टस क्लब झुम्का भिड्ने भएका छन् ।

प्रतियोगिता अन्तर्गत शुक्रबार सम्पन्न दोश्रो सेमिफाईनलमा एपीएफ २ नम्बर बाहिनी बर्दिबास महोतरीलाई शुन्यका बिरुद्ध दुई गोल अन्तरले पाखा लगाउँदै फत्तेपुरले फाईनलमा प्रवेश गरेको हो । उसले रामधुनी स्पोर्टस क्लब झुम्का सुनसरीसँग आइतबार फाईनलमा भिड्ने भएको हो ।

खेलको पहिलो हाफको २२ औं मिनेटमा फतेपुरका सरद राईले हेडमार्फत आकर्षक गोल गर्दै टीमलाई अग्रता दिलाएको थियो । खेलको दोश्रो हाफको १२ औं पुनः सरद राईले दोश्रो गोल गर्दै फतेपुर टिमको जीत सुनिश्चित गरेको थियो ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा संयासी युवा क्लब


बाँकी तीन पृष्ठमा

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित

छिन्नमस्ता डेरी उद्योग

सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७
हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

# अधिकांश मन्त्रालय र निकाय विद्युतीय हाजिरी प्रणालीमा

काठमाडौँ, १० माघ (रासस)।

सुशासन र समृद्धिका लागि सूचना तथा प्रविधिको प्रयोग बढाउँदै सङ्घीय मन्त्रालय, केन्द्रीय निकाय र स्थानीय तह क्रमशः विद्युतीय हाजिरी प्रणालीमा आबद्ध भएका छन् । सूचना तथा सञ्चार प्रविधि मन्त्रालय मातहतको सूचना प्रविधि विभागले यसरी ई-हाजिरी प्रणालीमा आबद्ध हुन चाहने सरकारी कार्यालयलाई डिभाइस र सफ्टवेयर उपलब्ध गराई आवश्यक सहयोग गर्दै आएको छ ।

विभागले गत वर्षबाट यो सेवा शुरु गरेको हो । यस प्रणालीले उपस्थित कर्मचारीको व्यवस्थित हाजिरी सङ्कलन र विदा तथा व्यक्तिगत सूचनाको केन्द्रीय व्यवस्थापन गर्छ । विभागले सम्बन्धित निकाय प्रणालीमा दर्ता भएपछि प्रयोगकर्ताका लागि 'युजर' निर्माण गरिदिन्छ र ती कर्मचारी अर्को निकायमा सरुवा भए पनि सोही युजरका आधारमा हाजिरी हुने प्रणाली बनाएको छ । विद्युतीय हाजिरी एक 'वेभ'मा आधारित 'एप्लिकेसन' हो । यसमा अनलाइनबाटै विदाको निवेदन र स्वीकृति गर्न मिल्छ । यसमा दैनिक, मासिक र वार्षिक प्रतिवेदन तयार गर्न सोचालित 'इम्पोर्ट लग' प्रणाली पनि आबद्ध रहेको हुन्छ ।

हालसम्म यस प्रणालीमा आबद्ध भएका मन्त्रालयमा सञ्चार तथा सूचना प्रविधि, न्याय तथा संसदीय मामिला, भौतिक पूर्वाधार तथा यातायात, भूमि व्यवस्था तथा सहकारी, संस्कृति, पर्यटन तथा नागरिक उडड्यन, कृषि, शिक्षा, विज्ञान तथा प्रविधिलगायत छन् । वन तथा भू संरक्षण, कानून र सङ्घीय मामिला तथा सामान्य प्रशासनले प्रणालीमा चाँडै आबद्ध हुने तयारी गरेका छन् भने अर्थ, स्वास्थ्य तथा जनसङ्ख्यासहित केही मन्त्रालय आबद्ध हुन बाँकी छन् ।

केन्द्रीय निकायमा सूचना प्रविधि विभाग, सत्य तथा मेलमिलाप आयोग, राष्ट्रिय सूचना आयोग, मुद्रण विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, सहरी विकास तथा भवन निर्माण विभाग, महालेखा नियन्त्रणको कार्यालय, प्रमाणीकरण नियन्त्रण कार्यालय, युवा, साना व्यवसायी तथा स्वरोजगार कोष र केही स्थानीय तह ई-हाजिरी प्रणालीमा आबद्ध भएका छन् ।

सूचना तथा सञ्चार प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले यही माघ ८ गते मन्त्रालयमा आयोजित चालू आर्थिक वर्षको नीति, कार्यक्रम र बजेटमाथिको अर्धवार्षिक समीक्षा बैठकमा विद्युतीय हाजिरमा सबै सरकारी निकायका कर्मचारीको सहभागिता बढाउन थप पहल गर्न सम्बन्धित कर्मचारीलाई निर्देशन दिनुभएको थियो । सोका लागि नेपाल सरकारका मुख्यसचिव तहबाट निर्देशन दिने पनि तयारी गरिएको छ ।

विभागका महानिर्देशक प्रेमशरण श्रेष्ठले ई-हाजिरी प्रणालीमा आबद्ध निकायको मागअनुसार हरेक आइतबार ब्रिफिङ (तालिम) दिने गरिएको र आबद्ध हुने निकायको सङ्ख्या बढाउन पहल भइरहेको राससलाई बताउनुभयो ।

उक्त ई-हाजिरी प्रणालीमा आबद्ध भएका कार्यालयमा दैनिक कति कर्मचारी उपस्थित र अनुपस्थित भए वा विदामा छन् भन्ने आँकडा नियमित अपडेट गरिएको हुन्छ । शुक्रबारको मध्याह्न १२ बजेको विवरणमा आबद्ध भएका कूल ४३९ निकायमध्ये सक्रिय प्रयोगकर्ता २२० निकायमा कूल नौ हजार ६९ कर्मचारीमध्ये चार हजार ३४४ कर्मचारी उपस्थित भएको देखिएको छ । सो विवराणमा चाँडो आउने कर्मचारीको सङ्ख्या दुई हजार ३०८ र ढिलो अउने ७०८ छन् भने काजमा रहेको १६९, विदामा १५८ छन् । कुन उपस्थित कर्मचारीमध्ये पुरुष दुई हजार ९५४ र महिला एक हजार ३८९ छन् ।

विभागले सामाजिक आर्थिक रुपान्तरणमार्फत नयाँ नेपाल निर्माणको सोचसहित सबै सरकारी निकायलाई सूचना प्रविधिको प्रयोग बढाउँदै अटोमेटेड प्रणालीको सेवा दिने दृष्टि लिइ सुशासन, गरिबी निवारणमा योगदान गर्ने लक्ष्य लिएको छ । यसले ई पूर्वाधार निर्माण गर्नाका साथै विद्युतीय सुशासनका लागि सहजीकरण र प्रवर्द्धन पनि गर्दै आएको छ । यस्तै सूचना प्रविधिको इन्याबल्ड सेवासम्बन्धी उद्योगको विकास र साइबर सुरक्षा स्पेसमा पनि काम गर्दै आएको छ ।

विभागका कम्प्युटर प्राविधिक पद्मा जिसीले सरकारले सबै निकायलाई यस प्रणालीमा आबद्ध हुन अनिवार्य गराउने गरी निर्देश गरेमा सबै कर्मचारी आबद्ध हुने बताउनुभयो । संयुक्त राष्ट्रसङ्घको दिगो विकासका बृहत्तर लक्ष्य हासिल गर्न अवलम्बन गरिएका रणनीतिको केन्द्रमा सूचना तथा सञ्चार प्रविधि रहेको मानिन्छ । विश्वव्यापीरुपमा सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगले सामाजिक अन्तर्क्रिया तथा सार्वजनिक सेवा तथा सूचना प्रवाहमा आधारभूत परिवर्तन आएको छ ।

सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत प्राप्त हुने अन्य लाभका अतिरिक्त, यो प्रविधिको प्रयोगबाट सुशासनको प्रत्याभूत गर्नुका साथै बढी पारदर्शी एवं प्रभावकारी सार्वजनिक व्यवस्थापनका लागि यथेष्ट पूवार्धार निर्माण गर्न सहज हुने अपेक्षा गरिएको छ । सूचना प्रविधि र सूचना प्रविधिमा आधारित विभिन्न सेवालगायत अन्य उद्योग एवं सेवाजन्य व्यवसायको वृद्धिद्वारा 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा हासिल गर्नमा समेत सूचना प्रविधिको प्रयोग बढाउन सरकारले आवश्यक नीति तर्जुमा गरेको छ । सरकारले हालै 'डिजिटल नेपाल कार्यढाँचा २०७६' पनि कार्यान्वयन गरेको छ ।

### *छोरीलाई नियमित ...*

विद्यालय आउन तथा विपन्न समुदायका छोरीलाई विद्यालयसम्म पहुँच पुऱ्याउन यस्ता कार्यक्रमहरु संचालनमा ल्याइएको बताए ।

छोरी जोगाउन र उनीहरुलाई नियमित विद्यालय आउन साइकल बितरण, आत्म रक्षा तालिम, जन्मदै बिमा, छात्रबृती लगायत प्रदेश सरकारले विभिन्न प्रभावकारी कार्यक्रम अघि बढाएको र यसले राम्रो परिणाम दिन थालेको उनको भनाई छ ।

सामाजिक बिकृती अन्त्य गर्न पनि समाजमा छोरीहरुलाई शिक्षित हुनु पर्ने आवश्यकता औल्याउँदै उनले हरेक बालबालिकालाई शिक्षादिक्षा दिनु सरकारको कर्तव्य रहेको उल्लेख गरे ।

माध्यमिक तहका अधिकांश छात्रा महिनावारी हुँदा प्रत्येक महिना तीन/चार दिन कक्षामा अनुपस्थित हुने गर्दा तथा झोला नहुँदा शैक्षिक सामाग्रि हराउने र राख्ने समस्या हुँदा विपन्न समुदायको बालबालिकालाई पनि विद्यालय जाने क्रम नियमित हुन सकेको छैन् । यी समस्यालाई मध्यनजर गर्दै प्रदेश सरकारले छात्राहरुका लागि ती सामाग्रिहरु बितरण गरेको जनाइएको छ ।

### *मेयर कपको ...*

पोखरीयाको आयोजनामा शुरु भएको प्रतियोगितामा सप्तरी, सिरहा, महोत्तरी, उदयपुर, सुनसरी र मोरंगका बिभिन्न १४ क्लबको सहभागिता रहेको जनाएको छ ।

प्रतियोगिताको बिजेताले नगद रु. ५५ हजार र कप हात पार्ने छ भने उपबिजेताले नगद रु. ४५ हजार पाउने आयोजकले जनाएको छ ।


हनुमाननगर कंकालिनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हनुमाननगर, सप्तरी

प्रदेश नं. २, नेपाल

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या : २०७६/०७७

चलानी नं.: ११०६

मिति : २०७६/१०/०६ गते

विषय : छोरी शिक्षा विमा/मुद्दती बचत खाता कार्यक्रम संचालन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै ।

हनुमाननगर कंकालिनी नगरपालिका

उपरोक्त सम्बन्धमा मुख्य मन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत मिति २०७५।१०।०१ गते पछि जन्मेका बालिकाहरुको लागि छोरी शिक्षा विमा/मुद्दती बचत खाता कार्यक्रम संचालन हुने हुँदा तपसिलको मिति, स्थान र समयमा उल्लेखित वडाहरुको अभिभावकहरु आवश्यक कागजात सहित उपस्थित भई दिन जानकारीका लागि अनुरोध छ ।

तपसिल

| | | |
|---|---|---|
| वडा नं. १, २, ३, ४, ६, ८ | र | वडा नं. ५, ७, ९, १०, ११, १२, १३, १४ |
| मिति : २०७६।१०।११ गते | | मिति : २०७६।१०।१२ गते |
| स्थान : पोर्ताहा मा.वि. | | स्थान : नगरपालिका भवन |
| समय : विहान १०:०० बजे | | समय : विहान १०:०० बजे |

आवश्यक कागजातहरु :

१. छोरी/बालिकाको जन्मदर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
२. अभिभावक मध्ये एक/दुवै जनाको नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
३. छोरीको पासपोर्ट साईजको फोटो-६ प्रति ।
४. अभिभावक/संरक्षकको पासपोर्ट साईजको फोटो-६ प्रति ।
५. व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी, संरक्षत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी ।
६. छोरी शिक्षा विमा र मुद्दती बचत खाताको लागि वडा कार्यालयबाट सिफारिस पत्र ।

वोधार्थ:

१. श्री इलाका प्रहरी कार्यालय, भारदह
२. श्री इलाका प्रहरी कार्यालय, हनुमाननगर

प्रमुख प्रशासकीय अधिकृत


## विश्व समाचार

### कोरोना भाइरसको सङ्क्रमण रोक्न सार्वजनिक लगायतका यातायात बन्द

बेइजिङ, १० माघ (रासस/एएफपी) ।

कोरोना भाइरसको सङ्क्रमणका कारण चीन सरकारले शुक्रबार यहाँका थप शहरहरुमा पनि यात्रा प्रतिबन्ध लगाइएको घोषणा गरेको छ । सो भाइरसको कारण मृत्यु हुनेको सङ्ख्या २६ पुगेपछि शुक्रबार नौ ओटा शहरमा यातायातलगायतका सेवा र आवतजावत पनि बन्द गर्ने निर्णय सरकारले गरेको चिनियाँ राजधानी बेइजिङख्स्बाट प्रांप्त समाचारमा जनाइएको छ । शुक्रबार बिहानसम्म यस भाइरसका कारण प्रभावित भएका भनिएका चीनका नौ ओटा शहरुमा सार्वजनिक यातायातको आवतजावत रोक्नुका साथै मानिसहरुका अत्यावश्यक बाहेकका सेवाहरु पनि रोकेको छ ।अधिकारीहरुले यहाँका ३ करोड २० लाख व्यक्ति प्रभावित भएको चिनियाँ स्वास्थ्य क्षेत्रका अधिकारीहरुले जानकारी दिएका छन् । हुबेई प्रान्तमा जिङगजोउ अधिकारीहरुका अनुसार शहरबाट छुट्ने सबै रेल सेवाहरु शुक्रबार बिहानबाट बन्द भएका छन् । त्यसैगरी सार्वजनिक बस, यातायातका अन्य साधनहरु, पर्यटन बस, डुङ्गा आदिलाई अस्थायी रूपमा सञ्चालन पनि रोकिने बताइएको छ । यसरी सार्वजनिक सवारीमा लगाइएको यस किसीमको प्रतिबन्धबाट करिब ३ करोड २० लाख व्यक्ति पनि प्रभावित भएका प्राप्त समाचारमा जनाइएको छ । कोरोना भाइरस सङ्क्रमणको सबैभन्दा बढी प्रभावित मानिएको क्षेत्र चीनको हुबेई हो । हुबेई प्रान्तको वुहान सहरमा यसको बढी प्रभाव देखिएको र त्यहीँबाट नै यसको उत्पत्ति भएकोले पशुबजारमा पनि कडा नियम गरिएको छ । वुहान शहरका हाल ८ सय ३० व्यक्ति यस भाइरसबाट सङ्क्रमित भएका राष्ट्रिय स्वास्थ्य विभागले जनाइएको छ ।

चीनका विभिन्न २५ प्रान्तमा यो भाइरसको सङ्क्रमण फैलिएको छ । तर बढी प्रभावित भएका भनिएका हुबेइ प्रान्तका नौ ओटा शहरमा यस्तो किसीमको प्रतिबन्धको घोषणा गरिएको बताइएको छ । ती शहरका स्थानीय प्रशासनले जङ्गली जनावर र पशु बजारका क्षेत्रमा कडाई गर्न निर्देशन दिइएको हो । यस भाइरसबाट हुबेई प्रान्तमा नै बढी व्यक्तिको ज्यान गएको छ । यस भाइरसबाट मृत्यु हुनेमध्ये धेरै ४८ देखि ८९ वर्ष उमेरका व्यक्ति रहेका पनि जनाइएको छ । यो सङ्क्रमणको संख्यामा करिब पाँच हजार ९०० जनालाई उपचारार्थ भर्ना गरिएको थियो । यी मध्ये १७७ व्यक्तिको अवस्था गम्भीर रहेको जनाइएको छ । यद्यपि यसबाट निको भएर करिब एक हजार जना व्यक्ति अस्पतालबाट घर पनि फर्किएका छन् । चीनको वुहानको जनसङ्ख्या भन्डै एक करोड रहेको छ । त्यसैले उक्त सङ्क्रमणको उत्पत्ति भएको सो क्षेत्रमा सरकारले बढी निगरानी राखिरहेको पनि बताइएको छ । गत बुधबार प्राप्त एक समाचारमा अमेरिकाको सियाटलमा एक जना व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण भएको अमेरिकी अधिकारीले जनाएका छन् । चीनको हुबेइबाट केही दिनअघि अमेरिका फर्किएका एकजना अमेरिकी नागरिकमा यसको सङ्क्रमण भेटिएको हो । त्यसैगरी जापानको राजधानी टोकियोमा पनि एक जना व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण देखिएको अधिकारीले जनाएका छन् । दक्षिण कोरिया, ताइवान, हङकङ, मकाउ र थाइल्याण्डमा पनि यस सङ्क्रमणका एक-एक जना भेटिएका छन् । चीनका स्वास्थ्य अधिकारीहरुले दिएको जानकारीअनुसार यस प्रकोपबाट अहिलेसम्ममा २६ जनाको ज्यान गएको बताएका छन् ।

### अमेरिकामा बेरोजगारको सङ्ख्या दुई लाख ११ हजारले बढ्यो

वासिङटन, १० माघ (रासस/सिन्ह्वा) ।

संयुक्तराज्य अमेरिकामा गत साता बेरोजगारको सङख्यामा सामान्य वृद्धि भएको अमेरिकी श्रम विभागले जनाएको छ । बिहीबार सार्वजनिक विवरणमा बेरोजगार भत्ता लिन आवेदन गर्नेहरु अघिल्लो साताको तुलनामा ६ हजारले बढी भएको उल्लेख छ । जनवरी १८ को अन्त्यमा बेरोजगार भत्ताका लागि आवेदन गर्नेको सख्या दुई लाख ११ हजार पुगेको छ । यहीबीच, अमेरिकी श्रम बजारमा बेरोजगारको सङ्ख्या सरकारी अनुमान तीन लाखभन्दा मुनि रहेको छ । तथ्याङ्क विश्लेषणबाट संयुक्तराज्य अमेरिकाको श्रम बजार निकै नाजूक अवस्थामा रहेको देखिएको छ । तर अमेरिकी श्रम बजारमा गत डिसेम्बरमा अमेरिकी कम्पनीहरुले एक लाख ४५ हजार नयाँ रोजगार सिर्जना गरेका छन् । यद्यपि गत नोभेम्बरमा यस्तो रोजगारी सिर्जना करीब दुई लाख ५६ हजार हुने पूर्वानुमान गरिएको थियो । अमेरिकी श्रम विभागका अनुसार अमेरिकामा हाल बेरोजगार दर ३.५ प्रतिशत पुगेको छ ।

### बेंगाजी आक्रमणका आरोपीलाई १९ वर्षको जेल सजाय

वासिङ्टन, १० माघ (रासस/एएफपी) ।

सन् २०१२ मा लिबियाको बेंगाजीस्थित अमेरिकी नियोगमा आक्रमण गरेको आरोपमा पक्राउ परेका एक ४७ वर्षीय लिबियालीलाई अमेरिकामा १९ वर्षको जेल सजाय दिइएको छ । अमेरिकी विशेष फौजले ४७ वर्षीय मुस्तफा अल-इमामलाई लिबियाबाट पक्राउ गरी अमेरिकामा मुद्दा चलाएको थियो । मुस्तफामाथि आतङ्कवाद र अन्य अपराधमा दोषी ठहर गरिएको थियो । अमेरिकी जिल्ला न्यायालयले मुस्तफालाई १९ वर्ष ६ महिनाको जेल सजाय तोकेको छ । लिबियाको बेंगाजीस्थित अमेरिकी नियोग र सिआइएको परिसरमा सेप्टेम्बर ११, २०१२ मा भएको आक्रमणमा अमेरिकी राजदूत क्रिस स्टिभेन्स र अरु तीन जना अमेरिकी मारिएका थिए । अमेरिकी विदेशमन्त्री माइक पोम्पेओले अमेरिकी नागरिकमाथि जघन्य अपराधमा संलग्न जोकोहीमाथि कडा सजाय गर्न अमेरिका प्रतिबद्ध रहेको प्रतिक्रिया दिनुभयो इमामलाई अमेरिकी विशेष फौजले अक्टोबर २०१७ मा लिबियामा गिरफ्तार गरी अमेरिका ल्याएको थियो । बेंगाजी आक्रमणका अर्का दोषी अहमद अबु खट्टालालाई पनि अमेरिकामा मुद्दा चलाई २२ वर्षको जेल सजायमा थुनिएको छ । राजदूत स्टिभेन्सको मृत्युले अमेरिकी राजनीतिमै निकै ठूलो तरङ्ग ल्याएको थियो । तत्कालीन अमेरिकी विदेशमन्त्री हिलारी क्लिन्टनमाथि लिबिया मामिलामा पर्याप्त सावधानी अपनाउन नसकेको भन्दै तीव्र आलोचना भएको थियो । तर उहाँले आफूले कुनै गलत कार्य नगरेको दाबी गर्दै आउनुभएको छ ।

# बालविवाह तथा बहुविवाह गर्ने गराउने पक्राउ

दैनिक समाचारदाता
बारा, १० माघ ।

बारा जिल्लाको महागढीमाई नगरपालिका वडा नं. १ गढीमाई मन्दिरको प्राङ्गणमा बाल विवाह गर्ने र गराउनेलाई प्रहरीले पक्राउ गरेको छ ।

मन्दिर परिसरमा वडा नं. ८ धर्मपुर टोल बस्ने ३० वर्षिय गणेश साह कलवारले जेठी श्रीमती हुँदा हुदै नाबालिका १६ वर्षिया एक बालिकासँग विवाह गर्न लाग्दा कलवारसहित बेहुलीकी बाबु समेतलाई पक्राउ गरेको छ ।

नाबालिकालाई निजको बाबु तथा गणेश साह कलवारले फकाई फुलाई गरी बिवाह गर्न बाध्य बनाएको र कलवारको जेठी श्रीमती समेतले आवश्यक कार्वाहीको लागी जिल्ला प्रहरी कार्यालय बारामा दिएको जाहेरी दरखास्तको आधारमा पक्राउ गरिएको जनाइएको छ ।

यता पक्राउ परेका दुबैलाई बारा जिल्ला अदालतबाट बालबिवाह तथा बाल बिवाह उद्योग मुद्दामा पाँच दिन हिरासतमा राखी थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

## दुई फरार ...

सप्तरी प्रहरीले यो सँगै ६ महिनाको अवधीमा अदालतबाट सजाय तोकी फरार रहेका ३७ र अनुसन्धानका क्रममा फरार रहेका ३० गरी ६७ जनालाई पक्राउ गर्न सफल भएको छ ।

पछिल्लो पटक कुटपिट मुद्दाका फरार प्रतिवादी सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदह निवासी ४५ वर्षिय मोहनराज चमार र सोही वडा निवासी ५२ वर्षिय शुभनारायण पक्राउ परेका छन् । उनीहरुलाई शुक्रबारै अदालतमा बुझाइएको डिएसपी तिलक भारतीले जानकारी दिएका छन् ।

# जन ज्योतिको पदस्थापना तथा सपथग्रहण सम्पन्न




दैनिक समाचारदाता
राजविराज, १० माघ ।

जन ज्योती कृषि सहकारी संस्था लि. राजविराज ९ मलेठको नवनिर्वाचित पदाधिकारीहरुले शुक्रबार एक कार्यक्रमबीच पदस्थापना तथा सपथग्रहण गरेका छन् ।

संस्थाका जेष्ठ शेयर सदस्य हरेकृष्ण प्रसाद सिंहको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा नवनिर्वाचित संचालक समिति सदस्य तथा लेखा समितिका पदाधिकारीहरुलाई निर्वाचन समितिका सहसंयोजक तथा राष्ट्रिय सहकारी बैंक राजविराजका प्रबन्धक विष्णु पराजुलीले पदस्थापना तथा सपथ ग्रहण गराएका थिए ।

संस्थाका अध्यक्ष विश्वनाथ मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा अधिवक्ता रामकुमार यादव, आइडिएल सहकारी संस्थाका अध्यक्ष गणेश कुमार आस, नेपाल पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्ष विष्णुकुमार मण्डल, रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादव लगायतका वक्ताहरुले नवनिर्वाचित सम्पूर्ण पदाधिकारीहरुको सफल कार्यकालका लागि शुभकामना व्यक्त गरेका थिए ।

सोही कार्यक्रममा दुई दर्जन बढी नयाँ व्यक्तिहरु संस्थाको शेयर सदस्य बनेका छन् । संस्थाले कृषि क्षेत्रलाई आधार मानी उत्पादनमूलक कार्य समेतमा लगानी गर्दै आएको छ । हाल संस्था औद्योगिकरणतर्फ उन्मूख भइरहेको कस्छ । संस्थाले चालु आ.ब.बाट चामल उत्पादन गर्ने उद्योग समेत संचालनमा ल्याएको छ ।

यसअघि पुस १९ गते सम्पन्न आठौं वार्षिक साधारण सभाबाट विश्वनाथ मण्डलको नेतृत्वमा चार वर्षका लागि ७ सदस्यीय कार्य समिति चयन गरिएको छ भने बलराम यादवको नेतृत्वमा तीन सदस्यीय लेखा समिति चयन गरिएको छ ।




मधेशी महासभाले गजेन्द्र बाबुको १८ औं पुन्यतिथिको अवसरमा शुक्रबार राजविराजको गजेन्द्र चौकस्थित स्व. सिंहको शालिकमा राज नारायण यादव, राष्ट्रिय संयोजक देवराम मधेशी, सरोज मिश्रा, नारदमुनी मण्डल, धनराज मण्डल लगायतले शालिकमा माल्यार्पण गर्दै । *तस्बिर : राजविराज दैनिक*


## नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT





## एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।

राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७

सुनौलो अवसर! सुनौलो अवसर!! सुनौलो अवसर!!!

## युनिक सिटी क्लिनिक

यहि माघ ११ गते देखि १३ गते सम्म बरिष्ट तथा दक्ष चिकित्सकहरुद्वारा निः शुल्क स्वास्थ्य शिविर हुन गइरहेको हुँदा आफ्नो बहुमुल्य स्वास्थ्यलाई ध्यानमा राखी निःशुल्क स्वास्थ्य सेवाको फाइदा उठाउनु हुन, यस ३ दिने शिविरमा सहभागी भई आफ्नो तथा परिवारको स्वास्थ्य परीक्षण गराउन बिनम्र अनुरोध गर्दछौं ।

**हाम्रो सेवाहरू यस प्रकार छन् :**
- निःशुल्क OPD (ओ.पी.डी.) सेवा ।
- सबै किसिमको स्त्री रोग एवम् बंशानुगत रोग तथा बाझोपनको उपचारका साथै उचित सल्लाह सुझाव ।
- विभिन्न किसिमका शल्यक्रियाहरु विशेष छुटका साथ गरिने । जस्तै ब्उडभलमष्क, पित्तथैलीको पथरी, शरिरका विभिन्न भागमा मासु बढेको, हर्निया, बाबासिर, स्तन क्यान्सर, पाठेघरको खराबी तथा क्यान्सर इत्यादि ।
- हाडजोर्नी तथा नसारोगको सम्पूर्ण उपचारका साथै शल्यक्रिया विशेष छुटमा गरिनेछ ।
- सम्पूर्ण जाँचहरुमा ५०% छुट
- भिडियो X-ray मा ५०% छुट
- CT Scan मा ५०% छुट

**नोट** : माघ महिना भरी सम्पूर्ण जाँचहरु (भिडियो X-ray तथा CT Scan समेत) मा ५०% छुट दिने छ ।

**Whole Body Check up**
-RBS -CBC RFT
-TFt -LFT -USG
-ECG
(Total Rs.6,000,50% Rs.3,000)

**आयोजक :**
सम्पूर्ण युनिक सिटी क्लिनिक
७ युनिक कलेज अफ मेडिकल साइन्स & हस्पिटल परिवार

**स्थान :**
युनिक सिटी क्लिनिक, राजविराज (गणेश मन्दिर नजिकै)
फोन नं. : ०३१-५२०७७६, ९८१३७२०५०८
समय : विहान १० बजे देखि ४ बजे सम्म

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*